# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ असार २३ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ असार ३० गतेदेखि साउन ८ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल-चीन कुटनीतिक सम्बन्ध स्थापना भएको ७० औं वार्षिकोत्सवको अवसरमा २०८२ साउन ६ गतेदेखि १२ गतेसम्म गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डेलाई चीन भ्रमणको लागि स्वीकृति प्रदान गर्ने। |
| ३ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंकबाट एक हजार रुपियाँ दरको नयाँ बैंक नोट प्रकाशनको लागि बैंक नोटको चित्र र आकार स्वीकृत गर्ने। |
| ४ | अर्थ मन्त्रालय | विश्व बैंकबाट विद्यालय क्षेत्र सुधार कार्यक्रमको लागि प्राप्त हुने थप १०.८ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता प्राप्त गर्ने। |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रत्येक वर्षको साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने। |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | आर्थिक वर्ष २०८१/८२ का लागि उखु उत्पादक कृषकहरूलाई प्रदान गर्ने अनुदान रकम प्रतिक्वीन्टल रु.३५ कायम गर्ने। |
| ७ | रक्षा मन्त्रालय | नेपाली सेनाका ३७ जना महासेनानीहरूको सरुवा गर्ने। |
| ८ | वन तथा वातावरण मन्त्रालय | रेसुङ्गा नगरपालिका गुल्मीलाई जिपलाइन र स्काई साइक्लिङ निर्माणको लागि गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका वडा नं ८ मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | २०८२ साउन ९ गतेदेखि १४ गतेसम्म नर्वेमा आयोजना हुने Norway to Strengthen Cooperation कार्यक्रममा सहभागी हुन माननीय वन तथा वातावरण मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| १० | वन तथा वातावरण मन्त्रालय | रेस्टोरिङ द रिफ्रेश सेन्टर प्रा.लि.लाई पर्यापर्यटन व्यवसाय गर्ने कार्यको लागि सुनकोशी गाउँपालिका वडा नं. ६ सिन्धुलीमा रहेको हैसियत बिग्रेको राष्ट्रिय वनको जग्गा र धार्चे कृषि जडिबुटी उत्पादन तथा प्रशोधन फार्मलाई वन पैदावरमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्ने कार्यको लागि धार्चे गाउँपालिका वडा नं. ४ लाप्राक, गोरखामा रहेको हैसियत बिग्रेको राष्ट्रिय वनको जग्गा कबुलियती वनको रूपमा उपलब्ध गराउन स्वीकृति दिने। |
| ११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०८२ साउन ५ गतेदेखि १६ गतेसम्म चीनमा आयोजना हुने Regional Workshop on Nuclear Security Response Capability Development for Borders and Ports कार्यक्रममा सचिव (विज्ञान तथा प्रविधि) लाई सहभागी हुन स्वीकृति दिने। |
| १२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | नेपाल र जापान सरकारबिच सन् २०१९ मार्च २० मा हस्ताक्षर भएको जापानमा निश्चित सीपयुक्त कामदार पठाउने विषयको समझदारीपत्रको अवधि १९ मार्च २०२४ बाट थप पाँच वर्षका लागि नवीकरण गर्न स्वीकृति दिने। |
| १३ | जल तथा उर्जा आयोगको सचिवालय र अन्तर्गतका कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। | |
| १४ | क्यासिनो नियमावली, २०८२ स्वीकृत गर्ने। | |
| १५ | राष्ट्रिय जनसङ्ख्या नीति, २०८२ स्वीकृत गर्ने। | |
| १६ | नेपाल लेखापरीक्षण सेवा समुहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा  नायव महालेखापरीक्षक श्री नारायण एम.सी. लाई बढुवा गर्ने। | |

# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८२ असार ३० गतेका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ साउन ११ गतेदेखि १३ गतेसम्म इथियोपियामा आयोजना हुने Second UN Food Systems Summit Stock take (UNFSS+4) कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जय बहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | नेपाल बीमा प्राधिकरणका सञ्चालक समितिका अध्यक्ष श्री शरद ओझाको आचरण, कार्यक्षमता र पदीय जिम्मेवारी पालना सम्बन्धमा समग्र रूपमा छानबिन गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री कृष्ण गिरीको अध्यक्षतामा श्री जीवन प्रकाश सिटौला र श्री कपिलदेव ओली सदस्य रहेको छानबिन समिति गठन गर्ने। छानबिन समाप्त भई अर्को व्यवस्था नहुन्जेल सम्मका लागि नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष भई कामकाज गर्ने गरी अर्थ मन्त्रालयका सहसचिव श्री सेवन्तक पोखरेललाई तोक्ने। |
| ३ | अर्थ मन्त्रालय | निर्माणाधीन नागढुंगा सुरुङ्गमार्ग निर्माण आयोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन ५ अर्ब ७० करोड बराबरको थप सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८२ साउन ६ गतेदेखि ८ गतेसम्म दक्षिण अफ्रिकाको जोहानस्बर्गमा आयोजना हुने First Global SME Ministerial Meeting मा दक्षिण अफ्रिकाका लागि नेपाली राजदूत प्रा. कपिल मान श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ५ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | जिल्ला समन्वय समिति डडेल्धुराको नाममा रहेको २-६-१-२ रोपनी जग्गा अमरगढी नगरपालिका, डडेल्धुरालाई बहुउद्देश्यीय भवन निर्माणको लागि उपयोग गर्न स्वीकृति दिने। |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको रिक्त अध्यक्ष पदमा डा. खगराज शर्मा, रुपन्देहीलाई नियुक्ति गर्ने। |
| ७ | युवा तथा खेलकुद मन्त्रालय | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिको कार्यावधि मिति २०८२/३/२९ देखि चार महिनाका लागि थप गर्ने। |

| | | |
|---|---|---|
| ८ | रक्षा मन्त्रालय | नेपाली सेनातर्फ एक जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने, एक जना महासेनानीलाई सहायक ~~सेनानी~~ रथी दर्जामा बढुवा गर्ने र १९ जना सहायक सेनानीहरूको सरुवा गर्ने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | ग्रामिण सडक सञ्जाल सुधार आयोजनालाई नवलपरासी (बर्दघाट-सूस्ता पूर्व) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाउँपालिकामा रहेको आलोक चक्रपथअन्तर्गत गिरुवारी-झ्यालबास-डण्डा-चौराहा-पनौती-बसन्तपुर सडकखण्ड स्तरोन्नतिका लागि राष्ट्रिय वनको ३.९९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कोशी गाउँपालिका, सुनसरीको केन्द्र वडा नं. १ लौकहीबाट परिवर्तन गरी वडा नं. ३ बद्रीपुल कायम गर्ने। |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कालिगण्डकी गाउँपालिका, स्याङ्जाको केन्द्र वडा नं. ४ कट्टीबाट परिवर्तन गरी वडा नं. ४ गहलाम कायम गर्ने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८२ साउन १० गतेदेखि १२ गतेसम्म चीनको संघाईमा आयोजना हुने 2025 World Artificial Intelligence Conference मा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङलाई स्वीकृति प्रदान गर्ने। |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८२ साउन ८ र ९ गते चीनको बेइजिङमा आयोजना हुने Global Health Forum (GHF) 2025 सम्मेलनमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री माननीय प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |